नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-७४

## “युवतीहरुलाई भारतको कोठीमा पुऱ्याई मानव बेचबिखन गर्ने गिरोह पक्राउ”

### पक्राउ अभियुक्तको विवरण :-



**नाम:- मान बहादुर तामाङ**
**उमेर :- ३२ वर्ष**
**स्थायी वतन:- जिल्ला नुवाकोट, दुप्चेश्वर गा.पा. – ७**



**नाम:- थोकर भन्ने सोम बहादुर तामाङ**
**उमेर :- २४ वर्ष**
**स्थायी वतन:- जिल्ला नुवाकोट, दुप्चेश्वर गा.पा. –६**

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

- जाहेरवाली परिवर्तित नाम २६ बबरमहल (३८०) लाई दार्जिलिङ घुम्न जाउँ मोवाइल किनिदिन्छु भनी प्रलोभन देखाई २०८१ मंसिर १८ गते काठमाडौं कोटेश्वरबाट काकडभिट्टा पुऱ्याई सीमामा नागरिकता चाहिन्छ भनी मोवाइलबाट फोटो खिचि निरीमाया घलानको नामको नक्कली नागरिकता परिचय पत्र जस्तो कार्ड बनाई बोर्डर पार गर्ने बेलामा गेटमा कसैले सोधेमा यो कार्ड देखाउनु भनी सिकाई ईलामको पशुपतिनगर नाका हुँदै नेपाल भारत सीमा पार गराएको,
- भारतको दार्जिलिङ, कोलकत्ता,दिल्ली हुँदै महाराष्ट्रको पुने स्थित न्यु विल्डिङ(फुड प्लाजा) बुधबारे पेठको रेडलाइट एरियाको कोठीमा पुऱ्याई प्रतिवादी मान बहादुर तामाङले जाहेरवालीको मोवाइल समेत नियन्त्रणमा लिई भारतिय रु. १,५०,०००।– (एक लाख पचास हजार) मा बिक्री गरेकोमा पीडित जाहेरवालीलाई दैनिक ८/९ जना सँग यौन सम्पर्क गर्न बाध्य बनाई जबरजस्ती वेश्यावृत्तिमा लगाएको,
- पीडित जाहेरवाली संगै काम गर्ने महिलाको मोवाइलबाट लुकेर श्रीमानलाई फोन सम्पर्क गरेपछि श्रीमानले यस ब्युरोमा निवेदन दिएपश्चात ब्युरोको पहलमा उद्दार भएको,
- निज प्रतिवादी मान बहादुर तामाङ यस भन्दाअघि मानव बेचबिखन तथा ओसारपसार कसुर मुद्दामा दोषी ठहर भई ५ वर्ष कैद सजाय भुक्तान गरेको खुल्न आएको,
- फरार प्रतिवादीहरुलाई खोजतलास गर्ने क्रममा मान बहादुर तामाङलाई मिति २०८१/११/२१ गते जिल्ला काठमाडौं तारकेश्वर नगरपालिका वडा नं.-७ मनमैजु स्थितबाट र थोकर भन्ने सोम बहादुर तामाङलाई मिति २०८१।११।२३ गते जिल्ला काठमाडौं तारकेश्वर नगरपालिका वडा नं.-७ पदमसालबाट पक्राउ गरी निजलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान कार्य भई रहेको।

**मिति: २०८१/११/२४ गते।**

**सूचना अधिकारी**
**(नरेन्द्र कुँवर)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**

**Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np**